## परियोजनाको संस्थागत संरचना

### राष्ट्रिय कार्यकारी समिति
### National Steering Committee (NSC)

डीजीएमका नीतिगत निर्णयहरु गर्न र National Executing Agency (NEA) आवश्यक परामर्श र समन्वय आर. आर. एनलाई प्रदान गर्नका लागि आदिवासी जनजाति र स्थानीय समुदायको प्रतिनिधित्व रहेको राष्ट्रिय कार्यकारी समिति रहनेछ । राष्ट्रिय कार्यकारी समितिमा आदिवासी जनजातिबाट ७ जना र स्थानीय समुदायबाट ७ जना गरी १४ जना संलग्न भएको राष्ट्रिय कार्यकारी समितिका संस्थाहरुको नामावली यस प्रकार रहेका छन् ।

- नेपाल आदिवासी जनजाति महासंघ (नेफिन)
- राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ
- नेपाली आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज्)
- नेपाल आदिवासी जनजाति अपाङ्ग संघ (निडा)
- नेपाल आदिवासी जनजाति युवा महासंघ (वाइफिन)
- आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र (सिप्रेड)
- आदिवासी जनजाति चलचित्र महासंघ (फिन्फी)
- सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन)
- अस्मिता नेपाल
- हिमावन्ती नेपाल
- पारिवारिक निजी वन संघ (एफोन)
- राष्ट्रिय दलित नेटवर्क (आर.डि.एन)
- ग्रीन फाउन्डेसन नेपाल
- सहयोगी वन उपभोक्ता संघ (एकोफन)

## ३ भाग ३
### परियोजना सञ्चालन, अनगुमन र ज्ञानको व्यवस्थापन

यस अन्तर्गत विश्व बैंकका मापदण्ड र राष्ट्रिय कार्यकारी समितिको परामर्शमा राष्ट्रिय कार्यक्रम कार्यान्यवयन संस्थाले परियोजना व्यवस्थापनका कार्यहरु गर्नेछ । परियोजना व्यवस्थापन र यससँग सम्बन्धित प्रशासनिक तथा वित्तीय कार्यहरु गर्नका लागि तर्जुमा गरिएको परियोजना सञ्चालन र मार्गदर्शन अनुसार परियोजनाका क्रियाकलापहरुमा यस डीजीएमको रकम खर्च हुनेछ । यस कार्यका लागि RRN मा परियोजना व्यवस्थापन एकाइको रुपमा कार्यालय रहनेछ ।

माथि उल्लिखित कार्यको लागि साना अनुदान प्रदान गर्नका लागि नेपालमा रहेको डीजीएमको राष्ट्रिय कार्यकारी समितिले आवश्यक मापदण्डहरु तय गर्नेछ र राष्ट्रिय कार्यक्रम कार्यान्वयन संस्था (नेपालको हकमा नेपाल ग्रामीण पुनर्निर्माण संस्थाले) आवश्यक व्यवस्थापकीय कार्यहरु गरी यस प्रक्रियामा सहजीकरण गर्नेछ । यस क्रममा आदिवासी जनजाति र स्थानीय समुदायलाई साना अनुदान प्राप्त गर्न र अनुदानको सही सदुपयोग गरी अपेक्षित उद्देश्य हासिल गर्नका लागि यी समुदायलाई आवश्यक पर्ने तालिम र अन्य व्यवस्थापकीय सहयोग उपलब्ध गराउनेछ ।

## गुनासो निवारण संयन्त्र




गुनासोका लागि टोल फ्री नं.
**१६६० ०१२ ३२५४**
Email: grm@rrn.org.np

DGM नेपाल परियोजना सम्बन्धी सम्पूर्ण विवरणको लागि वेबसाइट www.dgmnepal.org हेर्नुहोस् ।

## राष्ट्रिय कार्यक्रम कार्यान्वयन संस्था,
## National Executing Agency (NEA)

RRN Rural Reconstruction Nepal

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (Rural Reconstruction Nepal - RRN) नेपालमा आदिवासी जनजाति र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र (Dedicated Grant Mechanism - DGM) परियोजनाका लागि राष्ट्रिय कार्यक्रम कार्यान्वयन (NEA) संस्थाको रुपमा काम गर्दछ । यस डीजीएम नेपाल परियोजना व्यवस्थापन एकाइ सोही संस्थाको कार्यालयमा रहनेछ । नेपाल ग्रामीण पुनर्निर्माण संस्था मानवअधिकार, विकास, लोकतन्त्र र शान्तिप्रति प्रतिबद्ध एक नेपाली गैरसरकारी, गैरनाफामुखी, सामाजिक विकास संस्था हो । विस्तृत विवरणका लागि आरआरएनको वेबसाइट (www.rrn.org.np) हेर्न सकिन्छ ।

सम्पर्क कार्यालय :
नेपाल ग्रामीण पुनर्निर्माण संस्था, (आर.आर.एन), गैरीधारा, काठमाडौँ
फोन नं. ०१ ४००४५०७, ४००४९७६, Email: rrn@rrn.org.np

DGM NEPAL

*डीजीएम नेपालः आदिवासी जनजाति र स्थानीय समुदायको समृद्धिको लागि दिगो वन व्यवस्थापन*



# आदिवासी जनजाति र स्थानीय समुदायमा समर्पित अनुदान परियोजना

नेपालमा आदिवासी जनजाति र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र, डीजीएम नेपाल (Dedicated Grant Mechanism Nepal Project) परियोजना जलवायु लगानी कोष (CIF) र विश्व बैंकले सन् २०१० मा सुरु गरेको विश्वव्यापी पहलको एक हिस्सा हो ।

डीजीएम नेपालले वन विनाश र वन क्षयीकरणबाट हुने हरितगृह ग्याँस उत्सर्जन कम गर्न र दिगो वन व्यवस्थापन गर्नका लागि सञ्चालित रेड प्लस (REDD+) कार्यक्रममा आदिवासी जनजाति र स्थानीय समुदायहरुको पूर्ण र प्रभावकारी सहभागितालाई प्रवर्द्धन गर्दछ ।

डीजीएम नेपाल परियोजना अन्तर्गत मुख्य लाभग्राहीको रुपमा सम्वृद्धिको लागि वन परियोजना सञ्चालन भएका मधेस प्रदेश र लुम्बिनी प्रदेशका आदिवासी जनजाति र स्थानीय समुदाय रहने छन् भने क्षमता विकास कार्यक्रम अन्तर्गत देशभरिका आदिवासी जनजाति र स्थानीय समुदायका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिहरु लाभान्वित हुनेछन् ।

DGM GLOBAL | CIF CLIMATE INVESTMENT FUNDS | THE WORLD BANK IBRD • IDA | WORLD BANK GROUP

# परियोजनाको लागत

नेपालमा डीजीएम अन्तर्गत परियोजनाका लागि विश्व बैंकबाट अनुदानका रुपमा उपलब्ध हुने कुल परियोजना लागत ४.५ मिलियन अमेरिकी डलर छ ।


## डीजीएम परियोजनाका ३ भागहरु

| भागहरु | डलर |
|---|---|
| १. आदिवासी जनजाति/स्थानीय समुदायका क्षमता अभिवृद्धि | १.५ |
| २. प्रतिस्पर्धामा आधारित अनुदान | २.१ |
| ३. परियोजना व्यवस्थापन, मूल्याङ्कन तथा अनुगमन | ०.९ |

परियोजना अवधि: ५ वर्ष

## परियोजनाको लागि लक्षित क्षेत्र र स्थानीय तहहरुको सूची

| मधेसका जिल्लाहरु | स्थानीय तहहरु | लुम्बिनीका जिल्लाहरु | स्थानीय तहहरु |
|---|---|---|---|
| १. सप्तरी | हनुमाननगर कंकालिनी, तिरहुत, महादेवा | १. नवलपरासी पश्चिम | सुनवाल, सरवाल |
| २. सिराहा | नवराजपुर, औराही, बरियारपट्टी | २. रुपन्देही | सैनामैना, कञ्चन, देवदह, लुम्बिनी सांस्कृति |
| ३. धनुषा | जनकपुरधाम, मिथिला बिहारी, लक्ष्मीनिया | ३. पाल्पा | वगनशकाली, तिनाहु, रैनादेवी छहरा |
| ४. महोत्तरी | जलेश्वर, बर्दिबास, एकडारा | ४. कपिलवस्तु | शिवराज, बुद्धभूमि, वाण गंगा |
| ५. सर्लाही | पर्सा, ब्रह्मपुरी, हरिपुर, हरिवन | ५. अर्घाखाँची | शीतल गंगा, पाणिनी |
| ६. रौतहट | दुर्गा भगवती, राजदेवी, माधव नारायण | ६. प्युठान | शरुमारानी |
| ७. बारा | पचरौता, देवताल, सुवर्ण | ७. रोल्पा | रुण्टीगढी |
| ८. पर्सा | वीरगंज, जगरनाथपुर, पटेर्वा सुगौली | ८. दाङ | घोराही, लमही, राप्ती, बङ्गालाचुली |
| | | ९. बाँके | कोहलपुर, बैजनाथ, खजुरा |
| | | १०. बर्दिया | बाँसगढी, बढीयाताल |




# डीजीएम नेपाल परियोजनाका मुख्य कार्यहरु

यस परियोजनामा एक आपसमा पूरक र अन्तरसम्बन्धित हुने गरी निम्न बमोजिमका दुई वटा प्राविधिक कम्पोनेन्ट (भाग) र एउटा परियोजना व्यवस्थापन भाग (कम्पोनेन्ट) रहेका छन् ।

## १ भाग १

**परम्परागत जीविकोपार्जन र प्रथाजनित सुशासनको मान्यताका साथ सामुदायिक वन उपभोक्ता समूहको अधिकार प्रवर्द्धन गर्ने रेडप्लसका नीतिगत संवादहरुमा सहभागी हुन र वनको दिगो व्यवस्थापनमा सहभागी हुनका लागि आदिवासी जनजाति र स्थानीय समुदायको क्षमता अभिवृद्धि गर्ने । रेड प्लस युएनएफसिसिसी अन्तर्गतको जलवायु परिवर्तन न्यूनीकरण रणनीति हो र वन विनाश, वन क्षय, संरक्षण, दिगो वन व्यवस्थापन, र कार्बन स्टकको वृद्धिलाई सम्बोधन गरेर विकासशील देशहरूमा उत्सर्जन कम गर्न र कार्बन अनुक्रमण बढाउनको लागि डिजाइन गरिएको छ ।**

यस अन्तर्गत आदिवासी जनजाति र स्थानीय समुदाय लक्षित तालिम सञ्चालन गर्न वनको दिगो व्यवस्थापनको लागि आवश्यक पर्ने क्षमता विकास गर्ने, वन व्यवस्थापन गर्ने प्रथाजनित अभ्यासको अधिकार सुनिश्चित गर्ने र आदिवासी जनजाति र स्थानीय समुदायले पहिचान गरेका सवालहरु सम्बोधन गर्ने र रेडप्लस सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति निर्माण तथा निर्णय प्रक्रिया र छलफलहरुमा सहभागी हुनुका लागि क्षमता विकास गर्ने किसिमका क्रियाकलापहरु समावेश हुनेछन् ।

## प्राविधिक सिप र शिक्षाका लागि छात्रवृत्ति प्रक्रिया

1. छात्रवृत्तिका लागि निवेदन आह्वान (२० दिन) →
2. छात्रवृत्तिका लागि निवेदन पेस →
3. मापदण्ड अनुसार छनोट (१० दिन) ↓
4. आवेदनको अन्तिम स्वीकृति ←
5. सम्झौता पत्र हस्ताक्षर र कोष स्थानान्तरण

(छनोट भएको छात्रहरुलाई ५ दिनपछि सूचित गरिने, छनोट नभएकाहरुलाई १० दिन भित्र सूचित गरिने)

## २ भाग २

**वनको दिगो व्यवस्थापनमा आधारित रोजगारी तथा आय आर्जनका कार्यहरु गर्नका लागि आदिवासी जनजाति र स्थानीय समुदायलाई प्रतिस्पर्धात्मक रुपमा साना अनुदान प्रदान गर्ने।**

यस अन्तर्गत निम्न कार्यहरुका लागि साना अनुदान प्रदान हुनेछ :

- वन र कृषिमा आधारित रचनात्मक रोजगारी सिर्जना
- परम्परागत जीविकोपार्जन र आय आर्जनको लागि टेवा पुग्ने गरी अभिवृद्धिमा आधारित आय आर्जन र रोजगारी सिर्जना ।
- मानव वन्यजन्तु द्वन्द व्यवस्थापनका लागि रचनात्मक क्रियाकलापमा आधारित समाधानका उपायहरु अवलम्बन ।
- वनको दिगो व्यवस्थापनमा आधारित उत्पादन वृद्धि कार्यक्रम सञ्चालन ।

## प्रतिस्पर्धामा आधारित अनुदान प्रक्रिया

1. प्रस्तावना आह्वान (३० दिन) →
2. चासो/रुचि अभिव्यक्ति पेस →
3. पूर्ण प्रस्तावना पेसका लागि निमन्त्रणा (म्याद १० दिनभित्र) →
4. आवश्यकता अनुसार प्रस्तावना लेखन सहजीकरण (१४ दिनको अन्तरालमा ३ दिने तालिम प्रदान) ↓
5. पूर्ण प्रस्तावना पेस (१० दिन पेस गर्ने समय) ←
6. मापदण्ड अनुसार भएको प्रस्ताव छनोट (२० दिनभित्र) ←
7. छनोट भएको प्रस्तावनाको स्वीकृति (७ दिन) ←
8. सम्झौता पत्र हस्ताक्षर र अनुदान स्थानान्तरण (छलफल भएर ५ दिनभित्रमा सूचना र सम्झौता एवम छनोट नभएकाहरुलाई १० दिनभित्र सूचना)